फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

प.सं: ०८०/८१
च.नं:

## ढुंगा गिटी वालुवाको विक्रि मुल्य तथा निकासी कर संकलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**दोस्रो पटक प्रकाशित मिति :-२०८०/०६/११**

फलेवास नगरपालिकाको तेह्रौं नगर सभाको निर्णय अनुसार आफ्नो क्षेत्रभित्रका खोला नदीहरुबाट आ.व.०८०/८१ मा उल्लिखित स्थानहरूमा ढुङ्गा, गिट्टी बालुवा लगायत नदीजन्य पदार्थको विक्रि मुल्य तथा निकासी कर संकलन गर्न आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुलाई तपसिलका शर्तको अधीनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्न दोस्रो पटक यो १५ दिने सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु:**

१दरभाउपत्र फाराम खरिद गर्न फलेवास नगरपालिकाको रा.वा. वैंक फलेवास शाखामा रहेको खाता नं. ग-१-१, ३५४०१००३०१०१०००२ मा उल्लिखित दरभाउपत्र दस्तुर (ठेक्का अनुसारको) जम्मा गरेको सक्कल भौचर (फिर्ता नहुने गरी) पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ । उक्त दिन सार्वजनिक विदा भएमा अर्को दिनको कार्यालय समयभित्र उक्त फर्म खरिद गर्न सकिनेछ ।

२ ठेक्का नं अनुसारको छुट्टाछुट्टै सिलवन्दी दरभाउपत्र १६ औं दिनको दिउँसो १२:०० बजेसम्म कार्यालयमा पेश गरिसक्नु पर्नेछ साथै सोही दिनको दिउँसो २:०० बजे यस कार्यालयमा दरभाउपत्र खोलिने छ । उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट निर्धारित समयमा उक्त कार्य हुनेछ ।

३ दरभाउपत्र साथ आफूले कवोल गरेको अङ्कको कम्तीमा ५% धरौटी रकम फलेवास नगरपालिकाको राष्ट्रिय वाणिज्य वैंक फलेवास शाखामा रहेको धरौटी खाता नं.ग-३, ३५४०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ । साथै राष्ट्र वैंकवाट क श्रेणीको मान्यता प्राप्त बैंकको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद रहेको बैंक ग्यारेन्टी लाई समेत मान्यता दिइने छ ।

४ दरभाउपत्र पेश गर्दा कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

५ दरभाउपत्र स्वीकृत भएपछि कवोल रकम बढिमा दुई किस्तामा बुझाउनु पर्नेछ । तर रु १० लाख भन्दा कम रकमको ठेक्काको रकम एकमुष्ठ रुपमा बुझाउनु पर्नेछ । रकम बुझाउंदा कवोल अंक सहित सोको भ्याट र अग्रीम आय करको रकम समेत बुझाउनुपर्नेछ । सम्झौताको वखत एकमुष्ठ रकम नबुझाउने भए वांकी दोस्रो किस्ताको लागि धितो (सेक्युरीटी वण्ड) वापत मिति २०८१ श्रावण मसान्त सम्म म्याद भएको राष्ट्र वैंकवाट क वर्गको मान्यता प्राप्त वैंकको जमानत (ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

६ विक्रि एवं निकासी करको दर मु.अ.कर वाहेक प्रति क्यूविक फिट रु.९ (अक्षरुपी नौ मात्र) हुनेछ ।

७ रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

८ ठेक्का सञ्चालन गर्दा नियमानुसार लाग्ने सम्पूर्ण कर ठेकदार स्वयम्ले व्यहोर्नु पर्नेछ ।

९ दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्पूर्ण रुपमा यस कार्यालयमा निहित रहनेछ ।

१० उल्लेखित अलग-अलग ठेक्काहरूको लागि दररेटको विस्तृत विवरण सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनीले यस कार्यालयमा सम्पर्क राखेको समयमा उपलब्ध गराइनेछ ।

११नियमानुसार असार १ गते देखि भाद्र मसान्तसम्म उत्खनन र संकलन कार्य गर्नपाइने छैन । ठेक्काका शर्तहरू सम्झौतामा निर्धारण गरिनेछ साथै अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ । थप कुराहरू वुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१२कुनै पनि फर्म, संस्था वा कम्पनीले एक भन्दा बढि आय ठेक्काको लागि ठेक्का अनुसार छुट्टाछुट्टै शिलबन्दी दरभाउ पत्र पेश गर्नुपर्नेछ ।

१३दरभाउपत्र पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु:-

क. फर्म इजाजत एवं दर्ता प्रमाण पत्र (नियमानुसार नविकरण भएको) ।

ख. स्थायी लेखा नं. (भ्याट दर्ता प्रमाण पत्र) ।

ग. नियमानुसार कर चुक्ता गरेको प्रमाण पत्र ।

तपसिल

| आय ठेक्का नं. | वगर तथा नदी क्षेत्र | सम्भाब्य परिमाण | न्यूनतम कवोल अंक (भ्याट वाहेक) | दरभाउ दस्तुर |
|---|---|---|---|---|
| ०२।०८०।८१ | कटुवा वगर फनपा ४ मुडिकुवा | ४६६६।४ घ.मि. | १४,८३,०००।- (चौधलाख त्रीयासीहजार मात्र) | रु १००० |
| ०३।०८०।८१ | वालुवावगर राताढुंगा क्याम्पस पछाडीको वगर फनपा ६ देविस्थान | १८८९।९ घ.मि. | ६,०१,००० (छलाख एकहजार मात्र) | रु १००० |

ऋषिराम आचार्य
प्रमुख प्रशासकीय अधिकृत